annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३०९ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १ चैत २०८१ | चैत्र कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११४५ | FRIDAY, MARCH 14, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

प्रधानमन्त्रीसँग विशेष अन्तर्वार्ता

# जनताभन्दा माथि ‘हु आर यू ?’



केपी शर्मा ओली
प्रधानमन्त्री

- राजनीतिक हिसाबले अस्थिरता, अन्योल, स्टन्टबाजी, जनतालाई धोका, भ्रम, अन्योल दिनुभन्दा अघिल्लो सरकारसँग केही थिएन ।
- मेरो एउटा मात्र आग्रह छ- प्रचण्डजीले जथाभावी बोल्दै नहिँडे हुने हो ।
- संविधान संशोधनबारे हामी राजनीतिक दलहरूसँग विस्तृत छलफल गर्ने नै छौं । बुँदाबुँदामा बहस गर्ने छौं ।
- लगानी गरेर डुब्छ मात्र भने किन लगानी गर्छ मान्छेले ? त्यस स्थितिबाट देशलाई अहिले लयमा ल्याइएको छ ।
- सार्वभौमसत्ता, मुलुकको स्वाधीनता, आन्तरिक तथा बाह्य सम्बन्धबारे आफैं निर्णय गर्न नेपाल सक्षम छ ।
- हामीले दुईवटा दाउरा बालेर कसौडीमा केही पकाउँदा विश्व वातावरण बिग्रिएको होइन ।
- पूर्वराजाको स्वागतकर्ताको फोटो बोकाइले सडकमा आउनेहरूको हैसियत स्पष्ट पार्छ । उनीहरूले जुलुसमा जसको फोटो बोके, के यो उहाँको निर्वाचन क्षेत्र हो ? के उहाँ विश्वस्तरीय विचारक हो वा कुनै सिद्धान्तका प्रतिपादक हुनुहुन्छ कि ?
- चुप लागेर बसेको छ भनेर कमजोरी नठानियोस् ।
- ढुक्क होस्- नेपाली कांग्रेस र हामी एक ढिक्का छौं ।

अखण्ड भण्डारी,
शम्भु कट्टेल र सुरेन्द्र काफ्ले

– सँगको वार्तालाप

तस्बिर : अशोक दुलाल

विस्तृत पृष्ठ २

# होलीमा झुमे पर्यटक



फागु पूर्णिमा (होली पर्वमा) पोखराको लेकसाइडमा रमाउँदै पर्यटक । ● कृष्णमणि बराल

अन्नपूर्ण | *पोखरा*

पर्यटकीय नगरी पोखरामा फागुको बेग्लै रौनक थियो। स्वदेशी मात्र नभई विदेशी पर्यटकसमेत एकापसमा अबिर दलेर फागुमा रमाइरहेका थिए। ठाउँ-ठाउँमा गरिएका लाइभ कन्सर्टमा नाच्दै, रमाउँदै अबिर दलेर रमाइलो गरिएको थियो। चीनकी डोउ सुनले पहिलो पटक नेपाली पर्व होलीबारे सुनेको र एकआपसमा रंग दलेर रमाउन पाउँदा खुसी लागेको सुनाइन्। पोखराको लेकसाइडस्थित तीन किलोमिटर क्षेत्रमा होली पर्व मनाइएको थियो। फेवाताल किनारमा पर्यटकहरू एकअर्कालाई अबिर लगाएर रमाए। पर्यटकलाई नेपाली संस्कृति फागु पर्वको महत्त्वका बारेमा व्यवसायीले जानकारी गराएका थिए। रेस्टुरेन्ट एन्ड बार एसोसिएसन नेपाल (रेवान) पोखराले होलीको अवसरमा लेकसाइडमा होली फेस्टिभलको आयोजना गरेको हो । लेकसाइडको विभिन्न स्थानमा लाइभकन्सर्टसमेत गरिएका थिए।

नाचगान र विभिन्न रंग एकआपसमा लगाएर पन्चैबाजा बजाएर पर्यटन व्यवसायी, पर्यटक र स्थानीयहरू लेकसाइड परिक्रमा गरेका थिए। पोखरामा रहेका पर्यटकलाई नेपाली मौलिक पर्व फागु पूर्णिमाका बारेमा जानकारी दिएर रमाउने वातावरण बनाउन होली फेस्टिभलको आयोजना गरिएको रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले बताए। होलीमा सहभागी भएका विदेशी पर्यटकहरूले नेपालमा आएर नौलो अनुभव लिएको बताए। नेपाली संस्कृतिको माध्यमबाट पर्यटक आकर्षण गर्न पोखराका पर्यटन व्यवसायीले बिभिन्न चाडपर्व पर्यटकसँग आपसी सद्भाव, भाइचारा बढाउन मनाउँदै आएका छन्।

» बाँकी पृष्ठ ६

# लावालस्करसहित जनकपुरधाम आइपुग्यो मिथिला परिक्रमा

गोबिन्द महतो | *जनकपुरधाम*

लावालस्करसहित मिथिलाको महाकुम्भ माध्यमिक परिक्रमा जनकपुरधाम आइपुगेको छ। १५ दिने मिथिला माध्यमिकी परिक्रमाले ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व बोकेको छ। परिक्रममा साधुसन्त, श्रद्धालुभक्तजनको लावालस्कर थियो। माध्यमिक परिक्रमाले धनुषा, महोत्तरी र भारतको विहार प्रान्तका सीमावर्ती क्षेत्र अवस्थित विभिन्न धार्मिक स्थल र सीमावर्ती क्षेत्र परिक्रमा गरेको थियो।

नेपालको १ सय ३३ किलोमिटर र भारतको २६ किलोमिटर भूभागको परिक्रमा गरेको थियो। जनकपुरधाम आउने साधुसन्तसहित महन्तहरूको



टोलीले मध्यरातमा नगरको परिक्रमा गरेपछि विधिवत रूपमा समापन गर्ने चलन छ। साधुसन्तहरू बिभिन्न कुवा, नदी र तलाउहरूमा स्नान-ध्यान गरी चोखो भई नियम निष्ठाका साथ बस्छन्। परिक्रम अवधिमा सम्बन्ध राख्न नहुने, मदिरा तथा मासु खान नहुने मान्यता छ। यो यात्रामा लाखौं मानिस सहभागी हुने गरेको वरिष्ठ पत्रकार तथा संस्कृतिका जानकार विष्णुमणि खनाल बताउँछन्।

हजारौंको संख्यामा रहेका साधु-सन्त तथा महात्माहरू जनकपुरधामको ऐतिहासिक बाह्रबिघा, तिरहुतिया गाछीमा पण्डाल, तथा बिभिन्न कुट्टी, छाउनी तथा ओडारको सहारामा बसी परिक्रमा गर्ने गर्छन्।

» बाँकी पृष्ठ ६

